सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १३२ ❐ सोमवार, ११ फागुन, २०८२ ❐ Monday, 23 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

रोचक बन्दैछ जुम्लामा निर्वाचन :

इतिहास दोहोरिन्छ कि नयाँ अनुहार उदाउँछ ?

जुम्लाको निर्वाचन इतिहास हेर्दा यहाँबाट प्रतिनिधिसभामा एउटै व्यक्ति दोहोरिएर निर्वाचित भएको उदाहरण छैन। हरेक निर्वाचनमा मतदाताले नयाँ अनुहार रोज्ने प्रवृत्ति देखिँदै आएको छ। यही कारण यस पटकको निर्वाचनले विशेष चासो पाएको छ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १० फागुन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा जुम्लामा चुनावी माहोल तातिँदै गएको छ। उम्मेदवार हरूको घरदैलो, कोणसभा र मतदाता भेटघाट तीव्र बन्दै जाँदा यहाँको निर्वाचन प्रतिस्पर्धा रोचक मोडमा पुगेको छ।

यस पटक जुम्लाबाट विभिन्न दल तथा स्वतन्त्र १० जना उम्मेदवार चुनावी मैदानमा छन्। जसमा नेपाली कम्युनिस्ट पार्टीका नरेश भण्डारी, राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही (ज्ञानेन्द्र), नेपाली काँग्रेसका दीपबहादुर शाही र नेकपा (एमाले)का शान्तिलाल महत प्रमुख प्रतिस्पर्धीका रूपमा हेरिएका छन्।

त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीकी विनिता कठायत, प्रगतिशील लोकतान्त्रिक पार्टीका मनऋषि धिताल, नेपाल मजदुर किसान पार्टीका विर्षबहादुर रावत, नेपाल जनता पार्टीका रनिलविक्रम शाही, नेकपा (माओवादी) का बिर्खबहादुर शाही तथा स्वतन्त्र उम्मेदवार भक्तबहादुर रावल पनि चुनावी मैदानमा उत्रिएका छन्।

उम्मेदवारहरूमध्ये नरेश भण्डारी २०६४ सालको संविधानसभा निर्वाचनमा निर्वाचित भइसकेका नेता हुन् भने ज्ञानबहादुर शाही २०७९ सालको प्रतिनिधिसभा निर्वाचनबाट निर्वाचित सांसद हुन्। अन्य उम्मेदवार भने प्रत्यक्षतर्फ पहिलो पटक प्रतिस्पर्धामा उत्रिएका नयाँ अनुहार हुन्।

जुम्लाको निर्वाचन इतिहास हेर्दा यहाँबाट प्रतिनिधिसभामा एउटै व्यक्ति दोहोरिएर निर्वाचित भएको उदाहरण छैन। हरेक निर्वाचनमा मतदाताले नयाँ अनुहार रोज्ने प्रवृत्ति देखिँदै आएको छ। यही कारण यस पटकको निर्वाचनले विशेष चासो पाएको छ। के मतदाताले अनुभवी उम्मेदवारलाई पुनः अवसर दिनेछन् ? कि विगतभैँ नयाँ अनुहारलाई विश्वास गर्दै इतिहासलाई निरन्तरता दिनेछन् ? भन्नेमा सबैको चासो बढेको छ।

जुम्लालाई बुझेका राजनीतिक विश्लेषकहरूका अनुसार यस पटकको प्रतिस्पर्धा बहुकोणीय भएकाले मत विभाजनको सम्भावना उच्च छ। परम्परागत दलहरूबीच कडा प्रतिस्पर्धा रहँदा नयाँ दल र स्वतन्त्र उम्मेदवारले पनि उल्लेख्य मत तान्न सक्ने आँकलन गरिएको छ। स्थानीय मुद्दा, विकासका अधुरा योजना, रोजगारी, सडक र स्वास्थ्य सेवा जस्ता विषय मतदाताको प्राथमिकतामा देखिएका छन्।

जुम्लामा युवा मतदाताको संख्या पनि धेरै छ। वैदेशिक रोजगारी, शिक्षा र आधारभूत पूर्वाधारको सवालमा असन्तुष्टि बढिरहेका बेला मतदाताले परिवर्तन खोज्ने कि स्थायित्व रोज्ने भन्ने प्रश्न पेचिलो बनेको हो। अहिलेसम्मको माहोल हेर्दा नरेश भण्डारी र ज्ञानबहादुर शाहीबीच मुख्य प्रतिस्पर्धा हुने अनुमान गरिए पनि अन्तिम नतिजा भने मतदाताको मौन निर्णयमा निर्भर रहनेछ।

सधैं नयाँ अनुहारलाई जिताउँदै आएको जुम्लाले यस पटक इतिहास दोहोर्याउने कि नयाँ इतिहास रच्ने – यही प्रश्नले चुनावी चर्चा झनै रोचक बनाएको छ। तर फागुन २१ को मतपरिणामले यसको जवाफ दिनेछ। तर उम्मेदवारहरू आफ्नो एजेन्डासहित मतदाताको घरदैलोमा धाइरहेका छन्। यही बिषयले गाउँबस्तीदेखि सदरमुकाम खलंगा बजारका सार्वजनिकस्थल र चिया पसलमा समेत चर्चा पाएको छ।

यस पटकको निर्वाचनका लागि जुम्लामा कूल मतदाता संख्या ७१ हजार ७३९ जना रहेको छ। जसमा महिला ३४ हजार २८० जना र पुरुष ३७ हजार ४५९ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय जुम्लाका निर्वाचन अधिकारी दीपेन्द्र कँडेलले जानकारी दिए। एक नगरपालिकासहित सात गाउँपालिका रहेको जिल्लामा ८५ मतदानस्थल र ११० मतदान केन्द्र कायम गरिएको निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचन नजिकिँदै जाँदा जुम्लामा राजनीतिक सरगर्मी तीव्र बन्दै गएको छ। ठूला दलदेखि साना दल र स्वतन्त्र उम्मेदवारसम्म मत माग्न घरदैलोमा सक्रिय बाँकी पृष्ठ ३









ज्ञानेन्द्र र नरेशप्रति आकर्षित

संसदमा खरो बिषय उठान गरेर नियमित बोल्ने र विकासका लागि पहल गर्ने भन्दै मतदाताहरु उम्मेदवार ज्ञानेन्द्रसँग र विगतमा धेरै विकासका योजना ल्याएको भन्दै नरेशसँग बढि आकर्षित छन्।

अन्य उम्मेदवारको तुलनामा यी दुई उम्मेदवारसँग आकर्षित मतदाताले अन्तिम निर्णय के गर्छन् ? थाहाँ नभए पनि यी दुबै उम्मेदवारले आ आफु चुनाव जित्ने दावी गर्दै आएका छन्। विशेषगरी दुई उम्मेदवार ज्ञानेन्द्र र नरेशबीच कडा चुनावी प्रतिस्पर्धा चर्किँदै गएको छ।

संसदमा खरो रूपमा जनताका मुद्दा उठाउने, नियमित रूपमा बोल्ने र विकासका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएका उम्मेदवार ज्ञानेन्द्रप्रति युवावर्ग आकर्षण छन्। संसदमा सशक्त उपस्थिति र नीतिगत बहसमा सक्रिय भूमिका खेल्ने वाचा गर्दै उनले सार्वजनिक सभा र घरदैलो कार्यक्रम दोहोऱ्याउँदै आएका छन्। यता, विगतमा आफूले क्षेत्रमा धेरै विकास योजना भित्र्याएको दाबी गर्दै आएका उम्मेदवार नरेश पनि उत्तिकै आत्मविश्वासका साथ चुनावी मैदानमा छन्। भने उनीप्रति युवादेखि सचेत वर्गका मतदाता आकर्षित छन्।

सडक, खानेपानी, विद्यालय तथा स्वास्थ्य तर्फ पूर्वाधार विकासमा योगदान दिएका उनले बाँकी अधुरा काम पनि निरन्तरता दिन आफ्नो जित आवश्यक रहेको दावी गर्दै आएका छन्।

स्थानीय तहका केही जनप्रतिनिधि र पुराना कार्यकर्ताको साथ उनलाई बलियो देखिएको छ। अन्य उम्मेदवारको तुलनामा यी दुईबीच मुख्य प्रतिस्पर्धा हुने आँकलन गरिएको छ।

चिया पसलदेखि गाउँ र सामाजिक सञ्जालसम्म मतदाताबीच यी दुईमध्ये कसलाई रोज्ने भन्ने बहस चलिरहेको छ। कतिपय मतदाता मुद्दा उठाउने प्रतिनिधि चाहिने पक्षमा छन् भने केही विकासका कामलाई निरन्तरता दिनुपर्ने मत राख्छन्।

तर, अन्तिम निर्णय भने मतदानको दिने छन्। आकर्षित मतदाताले अन्ततः कसको पक्षमा मत हाल्छन् भन्ने विषय खुल्न बाँकी नै छ।

दुवै उम्मेदवारले आफू विजयी हुने दाबी गरिरहे पनि परिणामले मात्रै वास्तविक जनमतको चित्र देखाउनेछ। निर्वाचन नजिकिँदै जाँदा प्रचार-प्रसार तीव्र बनेको छ भने मतदाता आफ्नो मताधिकार प्रयोगबारे गम्भीर छलफलमा जुटेका छन्। प्रतिस्पर्धा रोचक बन्दै जाँदा यस क्षेत्रको नतिजा विशेष चासोका साथ हेरिएको छ।

सशस्त्रका २३ एसएसपी निर्वाचन अनुगमनमा



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १० फागुन

सशस्त्र प्रहरी बलको प्रधान कार्यालयले निर्वाचन अनुगमनको लागि २३ जना सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक (एसएसपी) लाई सोमबारदेखि देशभर खटाउने भएको छ।

उपत्यकाबाट खटिन लागेका अधिकृतलाई प्रधान कार्यालय र प्रदेशस्थित बाहिनी मुख्यालयबाट खटिन लागेका एसएसपीलाई भर्चुअल माध्यमबाट आज सशस्त्रका आईजी राजु अर्यायले विशेष निर्देशन दिएका छन्।

उनले निर्वाचनको समय अगावै, निर्वाचको समय र निर्वाचन पश्चातको समयमा आउनसक्ने जस्तोसुकै खराब अवस्थाको सामना गरी निर्वाचन सम्पन्न गराउन निर्देशन दिएको सहायक प्रवक्ता डीएसपी शैलेन्द्र थापाले जनाएका छन्। अर्यालले निर्वाचनको समयमा जस्तोसुकै चुनौतीहरु आइपर्न सक्ने भएको हुँदा सो अवधिभर उम्मेदवार, मतदान केन्द्र, मतदाताहरु र व्यालेट बक्सको सुरक्षामा थप सशक्त भएर लाग्न निर्देशन दिएका हुन्।

उनले निर्वाचनको समयमा सुरक्षासँग सम्बन्धित सूचना संकलन, सबै तहका कामण्डरसँग समन्वय, सबै उम्मेदवारसँग सम्पर्कमा रहन तथा फिल्डमा भएका कमीकमजोरी र तत्काल गर्नुपर्ने कामबारे जतिसक्दो छिटो मुख्यालयमा जानकारी गराउन निर्देशन दिएका छन्।

सीमा क्षेत्रको अनुगमन, निर्वाचनको समयममा बल प्रयोग गर्नु परेमा मानवअधिकारको संरक्षण र पूर्ण पालना गर्दै बल प्रयोगको समयमा आवश्यक प्रमाण राख्न समेत अर्यालले निर्देशन दिए। निर्वाचन बिथोल्न खोज्नेहरुको पहिचाहन गरी सोही अनुसारको रणनीति बनाउन र कानून अनुसारको बल प्रयोग गर्न मातहत सबै तहका कमाण्डरलाई स्पष्ट हुन उनले निर्देशन दिएका छन्।

सशक्त मतदाता, बनाउन प्रशिक्षण



❐ काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, १० फागुन

जिल्लाका गाउँ-गाउँमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ। यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला निर्वाचन कार्यालय ले मतदाता शिक्षा स्वयंसेवकमार्फत कार्यक्रम सञ्चालन गरेको हो।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख मोहनलाल केसीका अनुसार जिल्लाका ७३ वटा वडामा एक-एक जना स्वयंसेवक परिचालन गरिएको छ। निर्वाचनमा बदर मत घटाउने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रम फागुन ३ गतेदेखि सुरु भई फागुन १७ गतेसम्म सञ्चालन हुनेछ।

मतदाता शिक्षा कार्यक्रममा मतदानको महत्त्व, सही तरिकाले मतदान गर्ने विधि, मतपत्र पट्याउने तरिका तथा मतपेटिकामा खसाल्ने प्रक्रियाबारे जानकारी दिइँदै आएको छ। तालिम प्राप्त स्वयंसेवकहरू टोल-टोलमा पुगेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन्।

मतदाता शिक्षाका लागि छुट्टै नमुना मतपत्रको व्यवस्था गरिएको छ। प्रत्येक स्थानीय तहमा एक-एक जना कर्मचारीलाई अनुगमनकर्ताको जिम्मेवारी तोकिएको छ। जिल्ला निर्वाचन कार्यालयले अनुगमनकर्तालाई आवश्यक तालिम प्रदान गरेको थियो।

स्थानीय पालिकामार्फत माग भएका स्वयंसेवकलाई तालिम दिएर गाउँमा खटाइएको कार्यालयले जनाएको छ। जिल्लाका छ वटा स्थानीय तहमा कुल १ लाख ६ हजार ६ सय ६० मतदाता रहेका छन्। तीमध्ये ५२ हजार ३ सय ९६ महिला, ५४ हजार २ सय ६३ पुरुष र एक जना अन्य मतदाता रहेका छन्।

प्रतिनिधि सभा सदस्य पदका लागि १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्। एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको रुकुमपश्चिममा कुल ७६ मतदान स्थल र १ सय ४० मतदान केन्द्र निर्धारण गरिएको छ। जसमध्ये २१ वटा मतदान स्थल अति संवेदनशील, ४३ वटा संवेदनशील र १२ वटा मतदान स्थल सामान्य सूचीमा रहेका छन्।

'निर्वाचनको विकल्प, निर्वाचन नै हो प्रमुख निर्वाचन आयुक्त'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १० फागुन

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले शताब्दीकै पेचिलो निर्वाचनलाई आयोगले सरल बनाएको बनाएको बताएका छन्।

गोरखापत्र संस्थानले आइतबार काठमाडौंमा आयोजना गरेको निर्वाचन समाचार अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो बताएका हुन् ।

उनले भने शताब्दीकै पेचिलो निर्वाचनलाई सरल बनाउदै देशमा विथोलिएको वातावरणलाई लयमा ल्याउने विकल्प निर्वाचन बाहेक अर्को नरहेको बताए। उनले तोकिएकै समयमा निर्वाचन हुने भएकोले दुक्क भएर तयारीमा लाग्न सबैलाई आग्रह गरेका छन् ।

कार्यक्रममा उनले केही तत्वहरुले निर्वाचन बिथोल्ने प्रयास गरेपनि त्यो प्रयास सफल नहुने बताएका छन्। अझै पनि केही उम्मेद्वारहरुले आफूलाई निर्वाचनको वारेमा संशय राखेर फोन गर्ने गरेको उल्लेख गर्दै भ्रममा नपरी निर्वाचनको प्रचारप्रसारमा लाग्न समेत सुझाव दिएका छन् ।

उनले केही कुण्ठित व्यक्तिहरूले निश्चित उद्देश्य पूरा गर्न अनावश्यक होहल्ला फैलाउने प्रयास गर्नसक्ने बताएका हुन। अब नेपाली जनता त्यस्ता प्रायोजित हल्लाका साक्षी बस्न नसक्ने उनको भनाइ छ।

राजनीतिक दल, उम्मेदवार र तिनका कार्यकर्ता निर्वाचन प्रचार-प्रसारमा सक्रिय रहेको र उनीहरूले पनि निर्वाचन बाहेक अर्को विकल्प नदेखेको उनले भने। नयाँ पुराना सबै शक्तिले समेत निर्वाचनलाई नै मार्गका रूपमा स्वीकार गरेको उनको दाबी गरेका छन्।



नेपालमा सुशासन प्रवाह गर्ने पवित्र उद्देश्य र आकांक्षा राखेर बसेका व्यक्तिलाई भ्रममा पारेर, धमिलो पानीमा माछा मार्ने प्रयास असफल हुने उनले बताए। निर्वाचन विथोल्ने वा अस्थिरता सिर्जना गर्ने कुनै पनि गतिविधि सरकारले निषेध गर्ने र निर्वाचन आयोगले समेत नजिकबाट अनुगमन गरिरहेको उनले बताएका छन्।

निर्वाचनको वातावरण निर्माणमा देखिएका कमजोरी सुधार गर्न सरकारलाई आवश्यक सुझाव दिइरहेको जानकारी गराए। अब निर्वाचनको वातावरण विथोलिने वातारण बन्दैन। जसरी पनि निर्वाचन सम्पन्न हुन्छ। निर्वाचनको विकल्प देखाएर नेपालमा सुशासनको प्रवाह यसरी हुन्छ, भनेर वैकल्पिक मार्ग देखाएका छन्।

तोकिएको मिति र समयमा फागुन २१ गते बिहान ७ बजेबाट बेलुका ५ बजेसम्म मतदान प्रक्रियाको समय छ, त्यो सम्पन्न हुन्छ। उनले भने।

उनले निर्वाचनलाई विथोल्ने प्रयास काहीबाट पनि नहुने प्रष्ट पारेका छन्। प्रमुख आयुक्त भण्डारीले भने 'यो मैले भनिरहँदा निर्वाचन आयोगको कमजोरी पनि नसोचियोस्। निर्वाचन आयोजले निर्वाचन गर्छ। राजनीतिक दल, उम्मेद्वार, राजनीतिक दलका कार्यकर्ताहरु सबै आ-आफ्नो ठाउँमा निर्वाचन प्रचारप्रसार गरेका छन्।

भदौ २७ गतेभन्दा अगाडिको शक्ति र भदौ २३ र २४ को विद्रोहपछि उठेको अरु नयाँ शक्ति दुबैको संयोजन पनि निर्वाचन बाहेक अरु केही हुन सक्दैन्। उनले भने। कसैले निर्वाचन विथोलिन्छ, अलिकति धमिलो पानीमा माछा मार्न पाइयो भने यसो केही समय खेल्न पाइन्छ भन्ने होला, त्यो कदापी हुँदैन।

निर्वाचन आचारसंहिता पालना गर्न सम्बन्धित सबैसंग आग्रह गरे। केही सञ्चारमाध्यामहरुले मत सर्वेक्षण गरिरहेको उल्लेख गर्दै उनले मत सर्वेक्षण नगर्न पनि आग्रह गरेका छन् आफूले पटकपटक मत सर्वेक्षण नगर्न आग्रह गरेपनि केही सञ्चारमाध्यामहरुले नटेरेको उनको गुनासो छ। उनले आचारसंहिता विपरितको कार्य गरिरहे कारबाही गर्न बाध्य हुने चेतावनी समेत दिए।

सम्पादकीय

निर्वाचन सामग्री ढुवानीमा ढिलाई नगर

कर्णाली प्रदेशमा आसन्न प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा मतपत्र तथा निर्वाचन सामग्री ढुवानीको काम पनि सुरू भएको छ । दुर्गम भूगोल, हिमपात र सीमित यातायात पहुँचका बीच पनि निर्वाचन आयोगले हुम्ला, जुम्ला र जाजरकोटमा मतपत्र पुऱ्याइसकेको छ । मुगु र डोल्पालगायत उच्च हिमाली जिल्लामा समयमै सामग्री पठाउने तयारी छ । तर कर्णालीको भौगोलिक जटिलता हेर्दा 'तीव्रता' मात्र पर्याप्त हुँदैन, 'समयमै सुनिश्चितता' झन् महत्वपूर्ण हुन्छ । हिमाली जिल्लामा एक दिनको ढिलाइले कहिलेकाहीँ हप्तौंको अवरोध निम्त्याउन सक्छ । विशेष गरी हुम्लाको लिमी र डोल्पाको उपल्लो क्षेत्रमा हिमपातका कारण स्थलमार्ग अवरूद्ध हुँदा हेलिकप्टर नै एकमात्र विकल्प बन्ने अवस्था छ । यस्तो परिस्थितिमा ढुवानी योजना मौसम पूर्वानुमानसँग जोडेर बनाइनु उचित कदम हो । जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी सामग्री पठाउने तयारी गरिएको छ भन्ने जानकारी आश्वस्त पार्ने खालको छ । तर समन्वय कागजमै सीमित नभई कार्यान्वयनमा देखिनुपर्छ ।

निर्वाचन कर्मचारीको भत्ता, ढुवानी खर्च र औषधि व्यवस्थापनका लागि बजेट पठाइएको भनिए पनि वास्तविक चुनौती कार्यस्थलमा देखिन्छ । तीन हजार मिटरभन्दा माथिका क्षेत्रमा 'लेक लाग्ने' जोखिमलाई ध्यान दिँदै औषधि व्यवस्था गर्नु जिम्मेवार कदम हो । तर कर्मचारीको सुरक्षित आवतजावत, मतदानपछि समयमै फिर्ता ल्याउने व्यवस्था र उनीहरूलाई मताधिकार प्रयोगको अवसर सुनिश्चित गर्नु पनि उत्तिकै महत्वपूर्ण पक्ष हो । निर्वाचनमा खटिएका कर्मचारी आफैं मताधिकारबाट वञ्चित भए लोकतान्त्रिक मूल्य कमजोर हुन्छ । मतपत्रको संख्याबारे पनि सावधानी आवश्यक छ । मतदाताभन्दा करिब १० प्रतिशत बढी मतपत्र पठाउने प्रचलन व्यावहारिक भए पनि वितरण, सुरक्षा र संरक्षणमा चुक भयो भने आशंका जन्मिन सक्छ । पारदर्शिता र कडाइका साथ अनुगमन आवश्यक छ । कर्णालीका १० जिल्लामा १२ निर्वाचन क्षेत्र, ९५९ मतदान स्थल र एक हजार ४३८ मतदान केन्द्र तोकिएका छन् । यति ठूलो संरचनामा सानो कमजोरीले पनि समग्र प्रक्रियामा अविश्वास पैदा गर्न सक्छ । सकारात्मक पक्ष भनेको गाउँ-गाउँमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुनु पनि हो । हुम्लादेखि अन्य जिल्लासम्म स्वयंसेवक परिचालन गरी बदर मत घटाउने प्रयास सराहनीय छ ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतमा बसेको निर्वाचन सुरक्षा समितिको बैठकले ढुवानीलाई प्राथमिकता दिने निर्णय गरेको छ । निर्णयभन्दा पनि त्यसको प्रभावकारी कार्यान्वयन अहिलेको आवश्यकता हो । सुरक्षा संयन्त्र, स्थानीय तह, हवाई सेवा प्रदायक र निर्वाचन निकायबीच द्रुत समन्वय नहुँदा सानो ढिलाइले ठूलो समस्या निम्त्याउन सक्छ । निर्वाचन स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन आचारसंहिता पालना अपरिहार्य छ । किनकी निर्वाचन केवल मत हाल्ने प्रक्रिया मात्र होइन, राज्यको संस्थागत क्षमताको परीक्षा पनि हो । कर्णाली जस्तो विकट भूगोलमा समयमै सामग्री पुऱ्याउन सक्नु, कर्मचारीको सुरक्षा सुनिश्चित गर्नु, मतदाता शिक्षा प्रभावकारी बनाउनु र आचारसंहिता कडाइका साथ लागू गर्नु—यी सबै पक्षले निर्वाचनको सफलता निर्धारण गर्छन् । त्यसैले अब ढिलासुस्ती, बहाना र असहजता जस्ता कारण होइन, कर्णालीका नागरिकले आ□नो मताधिकार सहज र सुरक्षित रूपमा प्रयोग गर्न पाउने वातावरण तयार गर्नु राज्यको दायित्व हो । निर्वाचन सामग्री ढुवानीमा कुनै पनि प्रकारको ढिलाइ नगरी चुस्त व्यवस्थापन गर्नु नै अहिलेको पहिलो र प्रमुख प्राथमिकता हुनु पर्छ । जसले गर्दा पछि निम्तिनसक्ने जोखिम पनि न्यूनिकरण हुनेहुदाँ निर्वाचन सामाग्री ढुवानीमा ढिलाई नगर ।

मतको मूल्य बुझौं र सही निर्णय गरौं



✍ भरत गौतम

सुशासनको मुख्य माग राखी गत भदौमा जेनजीले आन्दोलन गरे । शासन प्रणाली प्रभावकारी नभएको भन्दै नवयुवाले गरेको आन्दोलनमा दुई दिनमै अप्रत्याशित जनधनको क्षति भयो । असल नियतको आन्दोलनमा घुसपैठ भएको र आगजनी, लुटपाट तथा ठूलो मानवीय क्षतिले देशकै प्रतिष्ठामा दाग लागेको छ ।

विश्वमै शासन प्रणाली प्रभावकारी बनाई उन्नत जीवन जिउन जनदबाब दिने काम भई नै रहने गर्दछ । शासन प्रणाली राम्रो बनाउन जनहितमा केन्द्रित भई राष्ट्रको प्रतिष्ठा बढाउने महत्त्वपूर्ण कार्य गर्नु पर्ने हुन्छ । जनअवसरहरूको बढोत्तरी, इमानदारितासहितको सक्रियता, कर्तव्यबोध एवं पहुँचको आधारमा सुशासनको शुभारम्भ हुन्छ । जनताले नै बनाएको शासन प्रणालीले जनप्रिय तथा लोकप्रिय गन्तव्य तय गर्ने हुँदा जनआधारबाट सुशासनको मार्ग प्रशस्त गर्न सकिन्छ । भोको पेटले लोकतन्त्र दिगो हुँदैन, सक्रियताबिना गन्तव्य पुगिँदैन, जनगुनासो सम्बोधन नभई सन्तुष्टि र सुशासनको कार्यदिशा स्पष्ट हुँदैन । त्यसैले जनता जनार्दनको सामूहिक निर्णयले मात्र शासकीय प्रणालीको मार्ग तय गर्न सक्ने हुँदा चुनाव जनहितका लागि महत्त्वपूर्ण छ ।

शासकीय क्रियाकलापको पारदर्शिता, जिम्मेवारीप्रतिको जवाफदेहिता, कानुनी शासनको बलियो आधारमा समता र न्यायिक प्रत्याभूति, सामाजिक न्यायका लागि पहुँच र सहभागिताको कार्यशैली, शान्ति अमनचयन संकटको प्रतिवाद गर्ने शक्ति, मानव अधिकारको प्रत्याभूति, क्रियाशील नागरिक कर्तव्य, वैश्विक सम्बन्धबाट प्रतिष्ठाको बढोत्तरी, आधारभूत आवश्यकता प्राप्तिको राज्यको संवेदनशील सम्बोधन प्रतिबद्धताजस्ता विषय अहिलेका नागरिक केन्द्रित सुशासनका आधार हुन् ।

यी आधारहरूको क्रियाशील विश्वसनीय व्यवहारका लागि जनताको भरोसा हुने एवं विश्वास जित्न समयावधिमा चुनाव हुने लोकतन्त्रको अभ्यास छ । अहिले आन्दोलनले समयावधि नपुग्दै चुनाव गर्न लागिएको छ । आन्दोलनको अन्तर्य बुझी जनगुनासो, अपेक्षा र आवश्यकताको सम्बोधन गर्न जनता जनार्दनले सचेत मन र मस्तिष्कबाट निर्णयात्मक जनमतद्वारा सुशासनको मार्गदिशा तय गर्न सक्रिय हुनु पर्ने अवसर आएको छ । अर्कोतिर आन्दोलनको आवरणमा घुसपैठ र अपराधीकरणको स्वार्थ शक्तिको पहिचान र न्यायिक कठघरामा ल्याउने दबाब पनि त्यत्तिकै छ ।

विश्वले अवलम्बन गरेको लोकतान्त्रिक अभ्यासको सफलतालाई हामीले आत्मसात् गरी सुशासनयुक्त शासन प्रणाली बनाउने कर्ममा दलीय राजनीतिलाई हिँडाउन जनताको ध्यान केन्द्रित हुनुपर्छ । प्रविधिले वैश्वीकरणलाई साँघुरो बनाएको अवस्था, विद्युतीय शासनको सहजता, सञ्चार क्षेत्रमा भएको प्रगति, कार्यकुशलताबाट भएको उत्पादन, बहुक्षेत्रीय आर्थिक अवसर, यातायातको सहज पहुँच एवं प्रतिस्पर्धाको बजार व्यवस्था सुशासनका लागि विश्वव्यापी अवसर हुन् । यी अवसरको पूर्ण सदुपयोग गर्न

> विकल्पहरूको बिस्कुनमा सही विकल्पलाई छान्नु जनताको लोकतान्त्रिक अवसर हो। चुनावलाई क्षणिक मजाको रूपमा लिइनु हुँदैन, भविष्यको गन्तव्य तय गर्ने आधारका रूपमा बुझ्नु पर्छ।

शासन प्रणालीको नेतृत्व र जनलाभ दिन सक्ने आधारका लागि जनजागरुकता जरुरी छ । जनजागरुकताको मुख्य क्रियाकलाप आम चुनाव भएकाले सचेत भई चुनावी अधिकार प्रयोग गर्न र सुशासन ल्याउन बेलैमा होसियार हुनु पर्नेछ ।

सुशासनको कुरा गर्दा गर्दा रामराज्य हुनु पर्ने अर्थात् सबै खुसी भएको र गुनासो नभएको शासन व्यवस्थाको सोच देखिन्छ । बुद्धका पञ्चशील सिद्धान्तले दया, माया, करुणा, असल आचरण, सत्यको पक्षपोषण, अहिंसा एवं सात्त्विक भोजनजस्ता असल चारित्रिक व्यवहारबाट सुखी र समुन्नत जीवन हुने धारणाले सुशासनलाई पृष्ठपोषण गर्दछ । धार्मिक दर्शनशास्त्र र बौद्धिक मन्थनले सुशासन र समुन्नत जीवनको कार्यदिशा तय गर्न तथ्य र तर्कसहित जोड दिएका छन् । सुशासन ल्याउन जनताले सचेत मनले सक्रियता देखाउनु पर्ने बेला आएको छ । यस्तै तर्क र तथ्यका आधारमा आगामी चुनावमा सुखद मानव जीवनका लागि असल प्रयत्न गर्ने सोच र धारणा भएका क्रियाशील दल र प्रतिनिधि छान्न जनताको सही निर्णयको अपेक्षा राज्यले गरेको छ ।

विकल्पहरूको बिस्कुनमा सही विकल्पलाई छान्नु जनताको लोकतान्त्रिक अवसर हो । चुनावलाई क्षणिक मजाको रूपमा लिइनु हुँदैन, भविष्यको गन्तव्य तय गर्ने आधारका रूपमा बुझ्नु पर्छ ।

राज्य आफैंमा जनसर्ा्या, प्रकृति र भूगोलको चित्रमा हुन्छ भने प्रकृतिकै स्वरूपबाट स्थापित मानव जीवनले आफ्नो जीवन समुन्नत गराउन लोकतान्त्रिक अवसरहरूको उपयोग सही तरिकाले गर्न जनता जागरूक हुनु पर्ने हुन्छ । आम चुनावको उपयोग गरी लोकतान्त्रिक पूर्वाधार बलियो बनाउनु एवं समुन्नत जीवनको कार्यदिशा तय गर्नु आजको आवश्यकता हो । चुनावअधिका दल तथा प्रतिनिधिका क्रियाकलापको सही र सत्य मूल्याङ्कन गरी आफ्नो भविष्य उज्ज्वल हुने आधार तय गरिनुपर्छ । अवसरलाई बुझिएन, प्रलोभनमा परियो, सही निर्णय गर्न सकिएन, चुनावलाई हल्का रूपमा लिइयो, बहकाउमा लागियो भने आफ्नो भविष्यसँगको खेलबाड आफैंबाट हुने अवस्था आउँछ । विगतका घटनाहरूबाट यस्तै भएको र पछि पछुताउनु परेको, पटक-पटक आन्दोलन गर्नु परेको, गालीगलौज, आक्रोश एवं उग्र भएका घटनाहरू धेरै भएका छन् ।

आम चुनावलाई हाँसीमजाकका रूपमा नबुझौं, आफैंले आफ्नो हितका लागि सुखद जीवनको पूर्वाधार बनाउने समयका रूपमा लिऔं । आफ्नो सुखद भविष्यको तालाचाबी आफैंसँग भएको मनन गरौं । समयको महत्त्व नबुझे वा सचेत नभए वैयक्तिक अवसरहरू गुम्ने छन् । शान्ति र अमनचयनमा अवरोध हुन सक्ने अवस्था आउन सक्छ । अनियमितता र अपराधले समाज ग्रसित हुन सक्छ । आर्थिक रूपान्तरणमा अवरोध भई विपन्नताको दिशामा जान सकिने अवस्था आउन सक्छ । मानव अधिकार, शान्ति सुरक्षा र वैश्विक सम्बन्धमा अप्ठ्यारो पर्न सक्छ । मानिस अवसर र पहुँचबाट वञ्चित भई प्रबुद्ध वर्गको छायामा पर्न सक्ने अवस्था आउन सक्छ । शासकीय क्रियाकलाप लोकप्रिय र जनप्रेमी नहुँदा निराशा र विद्रोहको भावना जागृत हुन सक्छ ।

अन्योल, अत्याचार, अपराध, हिंसाजस्ता विषयहरूको बढोत्तरीले मानव समाज प्रभावित हुन सक्छ । यी जल्दाबल्दा विषयमा समयमा सचेत भइएन भने हामीले नै हाम्रो भविष्य अन्योल बनाउन सक्छौं । जनताको जोडबलबाट मुलुक बनाउने अवसर आएको छ । दल र दलको नेतृत्वलाई कसी लगाउने बेला पनि आम चुनाव हो । जनताले स्वच्छ रूपमा मतदान गरी भोलिको शान्त र समृद्ध देश बनाउनु छ । आफ्नो देशमा भएको अवसर नदेखी विदेशिनु पर्ने र थ्री-डीका कामहरू गरी ज्यान जोखिममा मोल्नु पर्ने पीडाको निकास दिनु पर्ने छ । भ्रष्ट शासन प्रणालीको न्यूनीकरण गर्ने र दण्डहीनता हुन नदिन बलियो कानुनी शासन बनाउनु छ । यी कर्म तथा कार्यका लागि जनताको जनमतबाट दिशा निर्देश गरी नेपाली र नेपाललाई समृद्ध बनाई विश्वमा चिनाउनु छ ।

भदौको आन्दोलनको मुख्य एजेन्डा सुशासनको क्रियाकलापमा जोडिने हुँदा राजनीतिक दल र उम्मेदवारहरू उक्त एजेन्डा सम्बोधन गर्ने कार्यदिशासहित अघि बढ्नु पर्ने हुन्छ । हामीले विगतमा भोगेका नमिठा घटनाहरूको न्यूनीकरण, मानव मूल्य मान्यताको प्रोत्साहन, आर्थिक सक्रियता र वैश्विक अवसरको हिस्सेदार हुने, कानुनी राज्यको प्रत्याभूति एवं राज्य संयन्त्रमा सबैको पहुँच, सामाजिक न्याय भएको शासन प्रणाली, जनताप्रतिको जिम्मेवारी र जवाफदेहितालगायत उन्नत जीवन जिउने मार्गचित्रसहित जनतामाझ जानुको विकल्प छैन ।

विकल्पहरूको बिस्कुनमा सही विकल्पलाई छान्नु जनताको लोकतान्त्रिक अवसर हो । चुनावलाई क्षणिक मजाको रूपमा लिइनु हुँदैन, भविष्यको गन्तव्य तय गर्ने आधारका रूपमा बुझ्नु पर्छ । राज्यको प्रतिष्ठाको बढोत्तरी गर्न हामीमाझ रहेका विकृति र विसङ्गतिप्रति ज-जसको गैरजिम्मेवारी वा अवरोध भए त्यसको अन्त्यका लागि जनता कठोर हुनैपर्छ । जनतालाई लोकप्रिय शासन चाहिएको छ । लोकको शासन विधिको शासन बनाउने हामी जनताले नै हो । लोकतन्त्रको असल अभियान, असल शासनका लागि मतदाता सही मतदानमा अग्रसर हुने अभियानमा जनता लाग्नै पर्छ । सही निर्णय गरी सम्भाव्य गन्तव्यमा पुग्न हामी सबै आम चुनावमा लागौं र आन्दोलनको विस्फोटको व्यवस्थापन गर्न राज्यलाई सक्षम बनाऔं ।

विश्व

इरानमा फेरि विद्यार्थीहरू सडकमा उत्रिए



इरानमा फेरि विद्यार्थीहरूले प्रदर्शन शुरू गरेका छन् ।

केही इरानी विश्वविद्यालयका विद्यार्थीहरूले पुनः सरकारविरुद्ध प्रदर्शन गरेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् । गत महिना अधिकारीहरूले हिंसात्मक कारबाही शुरू गरेपछि यो ठूलो प्रदर्शन हो ।

राजधानी तेहरानमा रहेको शरीफ युनिभर्सिटी अफ टेक्नोलोजीको क्याम्पसमा प्रदर्शनकारीहरूले मार्च गरेको बीबीसीले जनाएको छ। पछि प्रदर्शनकारीकारी र सरकार समर्थकहरूबीच झडप भएको देखिएको समाचारमा उल्लेख छ ।

तेहरानको अर्को विश्वविद्यालयमा धर्ना दिइएको थियो । उत्तरपूर्वी क्षेत्रमा पनि च्याली भएको रिपोर्ट गरिएको थियो। जनवरीमा भएको विशाल विरोध प्रदर्शनमा मारिएका हजारौंलाई विद्यार्थीहरूले श्रद्धाञ्जली अर्पण गरिरहेका थिए ।

संयुक्त राज्य अमेरिकाले इरान वरिपरि आफ्नो सैन्य उपस्थिति बढाइरहेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सीमित सैन्य कारबाहीबारे विचार गरिरहेको बताएका छन् ।

अमेरिका र यसका युरोपेली सहयोगीहरूले इरान आणविक हतियार विकास गर्ने दिशामा अघि बढिरहेको शंका गर्छन्, जुन इरानले निरन्तर अस्वीकार गर्दै आएको छ ।

अफगानिस्तानको सीमा क्षेत्रका सात ठाउँमा पाकिस्तानी आक्रमण



पाकिस्तानले अफगानिस्तान सीमा क्षेत्रका सात ठाउँमा आक्रमण गरेको छ । गुप्तचर जानकारीको आधारमा पाकिस्तानसँग सीमा जोडिएका र आतंकवादी लुक्ने ठाउँ र शिविरहरूलाई लक्षित गरेर आक्रमण गरिएको हो ।

पाकिस्तानको सूचना तथा प्रसारण मन्त्रालयका अनुसार, यी आक्रमणहरूले पाकिस्तानी तालिबान र फितना अल-खवारीज र इस्लामिक स्टेट अफ खोरासान प्रान्तसँग सम्बद्ध सहयोगी संगठनहरूसँग सम्बन्धित आतंकवादी लुक्ने ठाउँ र शिविरहरूलाई लक्षित गरेको छ ।

पाकिस्तानले देशमा हालै भएका आत्मघाती आक्रमणहरूको प्रतिक्रियामा यो कारबाही गरिएको बताएको छ ।

एक विज्ञप्तिमा भनिएको छ, 'पाकिस्तानसँग यी आतंकवादी आक्रमणहरू अफगानिस्तानमा आधारित नेतृत्व र ह्यान्डलर हरूको निर्देशनमा खवारीजहरूले गरेका थिए भन्ने बलियो प्रमाण छ। अफगानिस्तानमा आधारित पाकिस्तानी तालिबान, फितना अल-खवारीजसँग सम्बद्ध, उनीहरूका सहयोगी संगठनहरू र इस्लामिक स्टेट अफ खोरासान प्रान्तले पनि यी आक्रमणहरूको जिम्मेवारी लिएको छ ।'

पाकिस्तानले यसअघि अफगान तालिबान सरकारलाई ठोस कारबाही गर्न बारम्बार आग्रह गरेको थियो, तर यी समूहहरूविरुद्ध कुनै ठोस कारबाही गरिएको थिएन ।

दैलेख-२ मा एमाले-कांग्रेसबीच कडा प्रतिस्पर्धा, मतदातामा मिश्रित धार



काँक्रेबिहार संवाददाता
दैलेख, १० फागुन

दैलेखको भैरवी गाउँपालिका-१ स्थित खोली बजार जिल्ला सदरमुकामबाट हुलाकी राजमार्ग हुँदै पुगिने सानो बस्ती हो । नामसँग 'बजार' जोडिए पनि यहाँ ३-४ वटा पक्की घरबाहेक खासै व्यापारिक गतिविधि देखिँदैन । तर चुनावी माहोल भने यहाँ पनि तातिएको छ ।

हामी त्यहाँ पुग्दा नेकपा एमालेका प्रदेश सदस्य तथा भैरवी गाउँपालिकाका पालिका इन्चार्ज सर्वराज महतारा केही स्थानीयसँग चुनावी बहसमा व्यस्त थिए । आफू २०७९ को स्थानीय तह निर्वाचनमा १६ मतको झिनो अन्तरले पराजित भएको स्मरण गर्दै उनले यसपटक क्षेत्र नम्बर २ मा एमालेको जित सुनिश्चित रहेको दाबी गरे ।

२०७९ को स्थानीय तह निर्वाचनमा कांग्रेस उम्मेदवार रिताकुमारी शाहीले ३ हजार ९ सय ७६ मत प्राप्त गरी विजयी हुँदा महतारालेे ३ तिन ९ सय ६० मत ल्याएका थिए । त्यसै वर्ष भएको प्रतिनिधिसभा निर्वाचनमा पनि परिणाम झिनो मतान्तरमै टुंगिएको थियो । एमालेका लक्ष्मीप्रसाद पोखरेल कांग्रेसका दिक्पालकुमार शाहीसँग १ सय ६७ मतले पराजित भएका थिए । निर्वाचन आयोगका अनुसार विजयी शाहीले २० हजार १ सय ८३ मत प्राप्त गर्दा पोखरेलले २० हजार १६ मत ल्याएका थिए ।

महताराका अनुसार अघिल्लो निर्वाचनमा पाँच दलीय गठबन्धनको प्रभाव परेको थियो। यसपटक दलहरू एक्लाएक्लै प्रतिस्पर्धामा उत्रिएकाले हाम्रो पक्षमा परिणाम आउनेमा ढुक्क छौं," उनले भने ।

४२ वडामा प्रतिस्पर्धा

दैलेख क्षेत्र नम्बर २ अन्तर्गत दुल्लु नगरपालिका, चामुण्डाविन्द्रासैनी नगरपालिका, भैरवी गाउँपालिका, आठबीस नगरपालिका र ठाटीकाँध गाउँपालिकाका ४२ वटा वडा पर्छन् । प्रमुख प्रतिस्पर्धा एमाले र कांग्रेसबीच हुने देखिए पनि अन्य दल र स्वतन्त्र उम्मेदवार पनि मैदानमा छन् । एमालेबाट लक्ष्मीप्रसाद पोखरेल, कांग्रेसबाट निवर्तमान सांसद दिक्पालकुमार शाही उम्मेदवार छन् । यस्तै, नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेमकिपा, राष्ट्रिय जनमोर्चा, नेकपा माओवादी, आजपा र स्वतन्त्र उम्मेदवारहरू पनि चुनावी मैदानमा छन् ।

मतदाताको मनस्थिति 'बाउले छोरो फकाउने कि छोरोले बाउ ?'

क्षेत्र नम्बर २ मा ठूलो आमसभा वा प्रचारको चहलपहल खासै देखिएको छैन । गाउँबस्तीमा पुग्दा मतदाताहरूबीच भने बहस जारी छ । करिब दुई सय मतदातासँग गरिएको कुराकानीका आधारमा एमाले केही अधि देखिए पनि कांग्रेससँग कडा प्रतिस्पर्धा हुने आकलन छ । युवा मतदातामा परिवर्तनको चाहना देखिए पनि घरपरिवारभित्र मत विभाजनको अवस्था छ । एक मतदाताले भने, छोराले घण्टी भन्छ, बाउले पुरानै दल, अब बाउले छोरो फकाउने कि छोरोले बाउ भन्ने स्थिति छ ।

समानुपातिकतर्फ भने रास्वपाले प्रत्यक्षभन्दा बढी मत पाउन सक्ने आकलन गरिएको छ । ४० वर्षमाथिका मतदातामा परम्परागत दलप्रति झुकाव देखिए पनि युवा पुस्ता नयाँ विकल्पतर्फ आकर्षित भएको पाइयो ।

मतदाताका पीडा र अपेक्षा

भैरवी-१ की पूर्णा थापाले अझै कसलाई मत हाल्ने निर्णय नगरेको बताइन् । सुकुम्बासी जीवन र रोजगारी अभावले आफू समस्यामा रहेको सुनाउँदै उनले भनिन्, घरको पुर्जा छैन, गरिब भत्ता पनि पाइँदैन । यसपटक कसैलाई मत हाल्ने मन छैन । त्यस्तै, केही मतदाताले प्रत्यक्षमा एक दल र समानुपातिकमा अर्को दललाई मत दिने रणनीति अपनाउने बताएका छन् । कतिपय बस्तीमा कांग्रेस बलियो देखिए पनि एमालेको साङ्गठनिक पकड मजबुत रहेको स्थानीयहरूको भनाइ छ ।

विगतको नतिजा

२०७९ को स्थानीय तह निर्वाचनमा दुल्लु नगरपालिका प्रमुख कांग्रेस र उपप्रमुख एमाले विजयी भएका थिए । भैरवी गाउँपालिकामा प्रमुख र उपप्रमुख दुवै कांग्रेस विजयी भए । चामुण्डाविन्द्रासैनी नगरपालिकामा पनि दुवै पद कांग्रेसले जित्दा आठबीस नगरपालिकामा प्रमुख-उपप्रमुख दुवै एमालेले जितेको थियो । प्रदेशसभा निर्वाचनमा क्षेत्र २ मा क मा कांग्रेस र ख मा एमाले विजयी भएका थिए । समग्रमा, दैलेख-२ मा यसपटक पनि एमाले र कांग्रेसबीच नै कडा प्रतिस्पर्धा हुने देखिएको छ । युवा मतदाताको झुकाव, गठबन्धनको समीकरण र अन्तिम समयको चुनावी माहोलले परिणाममा निर्णायक भूमिका खेल्ने अनुमान गरिएको छ ।

बुथ कब्जा हुन नदिन सुरक्षा कडाइको तयारी

काँक्रेबिहार संवाददाता
धनगढी, १० फागुन

सुदूरपश्चिमका बाजुरा र बझाङ जिल्लामा विगतका अधिकांश निर्वाचनमा बुथ कब्जा, फर्जी मत, झडप र धाँधलीका घटना दोहोरिँदै आएका छन् । दुवै जिल्लामा एक-एक निर्वाचन क्षेत्र रहे पनि मतदाताले शान्तिपूर्ण वातावरणमा मतदान गर्न नपाएको गुनासो गर्दै आएका छन् । बाजुरामा २०४८ सालदेखि नै निर्वाचनका बेला विभिन्न घटना हुँदै आएका छन् ।

२०७९ को प्रतिनिधिसभा निर्वाचनका क्रममा झडप र हिंसात्मक घटनामा दुई युवाको ज्यान गएको थियो । मतदानका दिन ढुंगामुढा, मतदानस्थल तोडफोड, मतदाता लखेटिने तथा सुरक्षाकर्मीबाट हवाई फायरजस्ता घटना हुँदा जिल्ला दिनभर तनावग्रस्त बनेको थियो । प्रमुख दलहरूले २४ मतदान केन्द्र कब्जा भएको दाबी गरेका थिए ।

त्यसलाई मध्यनजर गर्दै त्रिवेणी नगरपालिका-६ का काँग्रेस समर्थक सञ्जीव यडीको प्रहरीको गोली लागेर मृत्यु भएको थियो भने सोही नगरपालिका-७ का एमाले समर्थक तथा अनेरास्ववियुका केन्द्रीय सदस्य चेतन अयडीको कुटपिटबाट ज्यान गएको थियो । घटनापछि मतगणना सुरु हुन १४ दिन लागेको थियो । त्यस्तै ०७९ कै स्थानीय तह निर्वाचनमा पनि बुढीगंगा नगरपालिकाका अधिकांश केन्द्रमा धाँधलीको आरोप लागेपछि पुनः मतदान गराइएको थियो । फर्जी मत खसाल्ने प्रवृत्ति पनि दुवै जिल्लामा समस्या बनेको छ । २०७४ को स्थानीय तह निर्वाचनमा बाजुरामा अत्यधिक मतदान भएको थियो । बुढीगंगा नगरपालिकाका केही केन्द्रमा ९९ प्रतिशतभन्दा बढी मत खसेको तथ्यांक सार्वजनिक भएको थियो । २०७९ को निर्वाचनमा सुर्मा गाउँपालिकाका दुई मतदानस्थलमा बुथ कब्जा गरी फर्जी मत हाल्ने प्रयास भएपछि मतदान स्थगित गरिएको थियो । बझाङमा पनि २०७९ को स्थानीय तह निर्वाचनमा जयपृथ्वी नगरपालिका-६ स्थित सुनिपीपलचौर माध्यमिक विद्यालय केन्द्रमा फर्जी मतदानको विवाद चर्किँदा मतपेटिका तोडफोड भएको र पुनः मतदान गर्नुपरेको थियो । केदारस्युँ गाउँपालिका-२ मा पनि फर्जी मत खसेको घटना सार्वजनिक भएको थियो ।

स्थानीयका अनुसार केही स्थानमा कर्मचारी र सुरक्षाकर्मीसमेत मिलेमतोमा संलग्न हुने आरोप लाग्दै आएको छ । यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सुरक्षा निकायले उच्च सतर्कता अपनाउने तयारी गरेको जनाएको छ । सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख डीआईजी ओमबहादुर रानाले दुवै जिल्लालाई उच्च सुरक्षा सूचीमा राखिएको जानकारी दिए ।

सुरक्षाकर्मीको संख्या वृद्धि, सीसीटीभी निगरानी, ड्रोन क्यामरा प्रयोग तथा अशक्त मतदाताको अग्रिम पहिचानजस्ता उपायबारे तयारी भइरहेको उनले बताए । सशस्त्र प्रहरीका अधिकारीहरूले पनि बाजुरा र बझाङमा दोब्बर संख्यामा पेट्रोलिङ परिचालन गर्ने र संवेदनशील केन्द्रमा प्रविधि प्रयोग बढाउने योजना रहेको बताएका छन् ।

बाजुरामा ७७ मतदानस्थलमध्ये ६२ अति संवेदनशील, १२ संवेदनशील र तीन सामान्य श्रेणीमा छन् । बझाङमा १ सय ३७ मतदानस्थलमध्ये ८५ अति संवेदनशील, ४९ संवेदनशील र तीन मात्रै सामान्य सूचीमा परेका छन् ।

यही प्रतिनिधिसभा निर्वाचनमा बाजुराबाट आठ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

काँग्रेसका जनकराज गिरी, एमालेका लालबहादुर थापा, नेकपाका प्रकाशबहादुर शाह र रास्वपाका हेमराज थापाबीच मुख्य प्रतिस्पर्धा देखिएको छ ।

इतिहास...

बनेका छन् । मतदाताको समर्थन जुटाउन घरदैलो, आन्तरिक छलफल, भेला तथा समन्वय बैठकहरू तीव्र रूपमा सञ्चालन भइरहेका छन् । यस्तै, नेकपा एमालेले आफ्नो उम्मेदवारलाई जिताउन संगठनात्मक गतिविधि तीव्र पारेको छ । वडास्तरदेखि टोलस्तरसम्म छलफल, भेला र बैठकहरू भइरहेका छन् । पार्टीले निर्वाचन परिचालन कमिटी गठन गरी प्रचारप्रसारलाई तीव्र बनाएको नेकपा एमाले जुम्लाले जनाएको छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि निर्वाचनलक्षित गतिविधि बढाउँदै लगेको छ । मतदाता भेटघाट, पार्टीको आन्तरिक भेला, जनवर्गीय संगठनका बैठक तथा प्रशिक्षण कार्यक्रमलगायत गतिविधि गरेको छ । निर्वाचनका लागि एक हजार ९९९ जना निर्वाचन परिचालन समिति गठन गरिएको निर्वाचन परिचालन समितिका संयोजक तथा नेकपाका केन्द्रीय सदस्य गोमा गौतमले बताइन् ।

विगतलाई फर्केर हेर्दा

सांसद नदोहोर्‍याएको जुम्लाले विसं २०६४ को संविधानसभाको निर्वाचनमा तत्कालिन नेकपा (माओवादी)बाट नरेश भण्डारी अत्यधिक मतले विजयी भएका थिए । २०७० मा भएको दोस्रो संविधानसभाको निर्वाचनमा नेपाली काँग्रेसका ललितजङ्ग शाही विजयी भएका थिए ।

२०७४ मा भएको निर्वाचनमा माओवादी र एमालेलगायत अरु पार्टीसँग गठबन्धन हुँदा माओवादीबाट पुनः गजेन्द्र महत विजयी भएका थिए । भने विसं २०७९ को निर्वाचनमा काँग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) सहितका दलको गठबन्धन भएको थियो । तत्कालीन समयमा राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीले २२ हजार ८१९ मत ल्याएर विजयी भएका थिए । तर त्योबेला राप्रपाले समानुपातिकतर्फ पाँच हजार ७९६ मत मात्रै पाएको थियो ।

त्यतीबेला नेपाली काँग्रेस र नेकपा गठबन्धनबाट उम्मेदवार बनेका गोमा गौतम कुँवरले ११ हजार ९५९ र नेकपा एमालेबाट रतननाथ योगीले ६ हजार ५२८ मत पाएका थिए । तर समानुपातिकतर्फ भने काँग्रेस १० हजार ४७६ मतसहित अग्रस्थानमा छ । एमालेले १० हजार ५४८ मत ल्याएर कडा प्रतिस्पर्धा दिएको थियो । तत्कालिन माओवादी केन्द्रले ८ हजार ९६० र समाजवादीले दुई हजार ६४८ मत ल्याएका थिए, भने रास्वपाले ८९९ मत पाएको थियो । २०७९ मा भएको स्थानीय तहको निर्वाचनमा आठ वटा स्थानीय तहमध्ये ६ वटामा काँग्रेस र दुई वटामा माओवादीले जितेको थियो ।

खानेपानीका लागि दबाब दिँदै मतदाता

काँक्रेविहार संवाददाता
जुम्ला, १० फागुन

जुम्लाको तातोपानी गाउँपालिका १ अन्तर्गत बाइराकागाउँका स्थानीय पाँच दशकदेखि खानेपानीको स्थायी समाधानको प्रतीक्षामा रहेका छन् । हरेक निर्वाचनमा उम्मेदवारसँग खानेपानी आयोजना बनाईदिन माग उठे पनि चुनावपछि बाचा पूरा नहुने गरेको स्थानीयको गुनासो छ ।

बाइराकागाउँका मीनबहादुर शाहीले हरेक चुनावमा मत माग्न आउने उम्मेदवारलाई खानेपानीको व्यवस्था पहिलो शर्तका रूपमा राख्दै आएको बताएका छन । उम्मेदवारले पनि खानेपानीलाई प्राथमिकतामा राख्ने आश्वासन दिँदै आएका छन् ।

तर चुनाव जितेर संसद् पुगेपछि ती बाचा बिर्सिने गरिएको उनको भनाइ छ । यस कारण अहिले गाउँलेले उम्मेदवारप्रति विश्वास गर्न छाडेका छन् । स्थानीयका अनुसार गाउँमा हाल एउटा मात्र धारो छ । त्यस धारोमा पनि घन्टौंसम्म ट्याङ्कीमा पानी जम्मा भएपछि मात्रै पानी आउँछ ।

बिहानै गाग्री बोकेर लामो समय लाइनमा बस्नुपरेको स्थानीय शान्ति शाहीले गुनासो गरिन् । पानीको अभावका कारण अहिले गाउँले नजिकै रहेको तिला नदीबाट पानी बोकेर गुजारा गरिरहेका छन् । २०५६ सालमा नेकपा (एमाले) का देवीलाल थापा निर्वाचित हुँदा पनि यहाँको खानेपानी समस्या प्रमुख मुद्दाका रूपमा उठेको थियो । तर अहिलेसम्म समाधान हुन सकेको छैन ।

२०६४ सालमा स्थानीयले आन्दोलन गर्दै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका थिए । रित्ता गाग्री र जर्किनसहित प्रदर्शन गर्दा पनि राज्य र जनप्रतिनिधिको ध्यान जान नसकेको स्थानीय तिलबहादुर शाहीले बताए । खानेपानी अभावले बस्ती नै सङ्कटमा परेको स्थानीयको भनाइ छ ।

पटक-पटक डेलिगेसन जाने, अनसन बस्ने र तत्कालीन जिल्ला विकास समितिमा तालासमेत लगाइए पनि समस्या यथावत् छ । छिमेकी गाउँमा पानीको मुहान खोज्ने प्रयास गरिए पनि सफल हुन नसकेको जनाइएको छ । पछिल्लो समय स्थानीयले तिला नदीको पानी शुद्धीकरण गरी घर-घरमा धारा पुऱ्याउन माग गरेका छन् ।

नदीको पानी लिफ्टिङ गरेर गाउँमा पुऱ्याउने प्रयास भए पनि अत्यधिक लागतका कारण कार्यान्वयन हुन नसकेको बताएका छन् ।

हालसम्म चार जना उम्मेदवार गाउँमा पुगेर खानेपानी पुऱ्याउने बाचा दोहोऱ्याएका छन् । तर पटक-पटक धोका खाइसकेका मतदाताले यसपटक ती आश्वासनलाई विश्वास गरेका छैनन् ।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

रेविजबाट कसरी बच्ने ?
रेविज रोग लाग्नबाट बच्न कुकुरलगायत जंगली जनावरको टोकाइबाट बच्नुपर्छ ।
कुकुरको टोकाइबाट बच्न निम्न कुराहरू ख्याल गरौं:

- सुतिरहेको कुकुरलाई झ्वाट्टै नउठाऔं, लात्ताले नहानौं ।
- कुकुर तर्सिएको वा रिसाएको बेला नजिक नजाऔं ।
- कुकुरले खाना खाइरहेको बेला नजिस्काऔं, नतर्साऔं ।
- कुकुरले पछ्याएमा नदौडौं, शान्त भइ उभिऔं ।
- नचिनेको कुकुरको नजिक जाँदा ख्याल गरौं ।



अनिवार्य रुपमा घरपालुवा वा सडक कुकुरहरुलाई पशु चिकित्सकको सल्लाहमा रेविज विरुद्धको खोप लगाइदिऔं ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

लुम्बिनीमा दलित अधिकार सम्बन्धी ऐन अन्तिम चरणमा



❐ काँक्रेविहार संवाददाता
बुटवल, १० फागुन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशमा दलित अधिकारसम्बन्धी ऐन निर्माणको काम अन्तिम चरणमा पुगेको बताएका छन् ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मासँग आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा मुख्यमन्त्री आचार्यले प्रदेश सभामा दलित अधिकारसम्बन्धी विधेयक प्रस्तुत भइसकेको जानकारी दिए । उनका अनुसार सदनले विधेयकलाई दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाइसकेको छ र आगामी बैठकबाट दुङ्गो लगाउने गरी प्रक्रिया अघि बढाइएको छ ।

'दलित अधिकारसम्बन्धी ऐन निर्माणको काम अन्तिम चरणमा पुगेको छ । यो ऐन जारी भएपछि कार्यान्वयनमा आउनेछ,'मुख्यमन्त्री आचार्यले भने-'दलित समुदायको अधिकार कार्यान्वयनका लागि यो ऐन महत्त्वपूर्ण हुनेछ ।'

आयोगका अध्यक्ष विश्वकर्माले प्रदेश सरकारले दलित अधिकारसम्बन्धी ऐन ल्याउने प्रक्रिया अघि बढाएकोमा खुसी व्यक्त गरे । उनले समग्र दलित समुदायको उत्थान, विकास र न्याय सुनिश्चित गर्न उक्त ऐन कोशेढुंगा साबित हुने विश्वास व्यक्त गरे ।

भेटका क्रममा अध्यक्ष विश्वकर्माले मुख्यमन्त्री आचार्यलाई राष्ट्रिय दलित आयोगले तयार पारेको रणनीतिक योजना तथा पाँचौं वार्षिक प्रतिवेदन हस्तान्तरण गरेका थिए ।

फेरि आन्दोलनमा उत्रिए आवासीय चिकित्सक


फाइल फोटो

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १० फागुन

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) का आवासीय चिकित्सकहरूले निर्वाह भत्ता नपाएको भन्दै सेवा बहिष्कार गर्ने चेतावनी दिएका छन् ।

रेजिडेन्ट एसोसिएसन अफ न्याम्सले आज विज्ञेप्ती निकाली माग पुरा नभए सोमवारदेखि आकस्मिक बाहेकका सेवा बहिष्कार गरेर धर्ना गर्ने चेतावनी दिएको हो ।


आवासीय चिकित्सकहरुले ५ महिना अघि भएको सम्झौता अनुसार समयमा नै निर्वाह भत्ता र राती ड्युटी गर्दाको भत्ता नपाएको जनाएका छन् । आफूहरूले पटक-पटक वार्ता र सम्झौता गरे पनि कार्यान्वयन नहुँदा बाध्य भएर आन्दोलनमा उत्रनुपरेको आवासीय चिकित्सकहरूको भनाइ छ ।

रात्री ड्युटीको भत्ता समयमै दिनुपर्ने, ड्युटी मिलाउनुपर्ने, पुस्तकालय सुधार लगायत अन्य सुविधाहरूको मागलाई आवासीय चिकित्सकहरूले राखेका छन् ।

माग सम्बोधन नगरे भोलि (सोमबार) देखि आकस्मिकबाहेकका सेवामा आफूहरू संलग्न नहुने चेतावनी दिएका छन् ।

सुदूरपश्चिममा डेङ्गुले तीन वर्षमा ७ हजारभन्दा बढी सङ्क्रमित

❐ काँक्रेविहार संवाददाता
धनगढी, १० फागुन



सुदूरपश्चिम प्रदेशमा डेङ्गु सङ्क्रमणको जोखिम अझै चुनौतीपूर्ण देखिएको छ । स्वास्थ्य निर्देशनालय दिपायलको पछिल्लो तथ्याङ्क अनुसार विगत तीन आर्थिक वर्षमा प्रदेशभर डेङ्गुबाट सङ्क्रमित हुनेको सङ्ख्या ७ हजार ६ सय ८३ पुगेको छ । स्वास्थ्य निर्देशनालयका कीटजन्य रोग अधिकृत हेमराज जोशीका अनुसार अघिल्ला वर्षहरूको तुलनामा सङ्क्रमणको ग्राफमा केही उतारचढाव देखिए पनि जोखिम भने अझै टर्न सकेको छैन ।

तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिममा ३ हजार ३ सय ४९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको थियो । आव २०८१/८२ मा यो सङ्ख्यामा सामान्य कमी आएर ३ हजार ३ सय १६ पुगे पनि जोखिम कायमै रह्यो । चालु आर्थिक वर्षको हालसम्म मात्रै प्रदेशमा १ हजार १८ जना डेङ्गुबाट प्रभावित भइसकेका छन् । अधिकृत जोशीका अनुसार विशेषगरी तराईका जिल्लाहरूमा यसको प्रभाव बढी देखिएको छ ।

निर्देशनालयका अनुसार प्रदेशका कैलाली र कञ्चनपुर डेङ्गुबाट सबैभन्दा बढी प्रभावित जिल्ला हुन् । पछिल्लो समय जलवायु परिवर्तन र बढ्दो सहरीकरणका कारण तराईमा मात्र नभई पहाडी जिल्लाहरूमा समेत डेङ्गुका बिरामी फेला पर्न थालेका छन् । यो रोग 'एडिस एजिप्टी' जातको लामखुट्टेको टोकाइबाट सर्ने भएकाले यसको नियन्त्रणका लागि व्यक्तिगत सतर्कता र सचेतना नै मुख्य उपाय भएको स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

डेङ्गु नियन्त्रणका लागि प्रदेश सरकार र स्थानीय तहले 'लार्भा खोज र नष्ट गर' अभियानलाई निरन्तरता दिँदै आएका छन् । यद्यपि नागरिकस्तरबाट घर वरपर पानी जम्न नदिने र व्यक्तिगत सुरक्षाका उपाय अपनाउनमा कमी आउँदा सङ्क्रमण पूर्ण रूपमा नियन्त्रण हुन सकेको छैन । निर्देशनालयले ज्वरो आउने, जोर्नी दुख्ने र टाउको दुख्ने जस्ता लक्षण देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गएर परीक्षण गराउन सबैमा आग्रह गरेको छ ।

लगातार ७ दिन सार्वजनिक बिदा

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १० फागुन

फागुन २१ गते हुने निर्वाचनका लागि निर्वाचन आयोगले तीन दिन बिदा दिन सरकारलाई सिफारिस गरेको छ ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार निर्वाचनमा सबै मतदाताको सहभागीताका लागि फागुन २०, २१ र २२ गते गरी तीन दिन बिदा दिन सरकारलाई सिफारिस गरिएको हो । 'हामीले फागुन २१,२२ र २३ गते सार्वजनिक बिदा दिन सरकारलाई सिफारिस गरेका छौ । स्वीकृत गर्ने नगर्ने सरकारको कुरा हो', भण्डारीको भनाइ छ ।

यदि आयोगको सिफारिस अनुसार सरकारले बिदा स्वीकृत गरेमा लगातार ७ दिन सार्वजनिक बिदा हुने भएको छ । फागुन १८ र १९ गते दुई दिन होली पर्व, २० देखि २१ निर्वाचन तथा २३ र २४ गते शनिबार र आइतबार अन्तर्राष्ट्रिय नारी दिवस समेत पर्ने भएकाले लगातार सात दिन बिदा हुने भएको हो ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो । त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं । पानीको श्रोत सधै सफा राखौं । गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं । मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं । पानीको स्रोत संरक्षण गरौं । भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं । पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ । यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ । यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ । बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं । नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं । यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं । ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ । साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं ।

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीवन्दीको खोजी कार्य भइरहेको छ ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुर्‍याउनु सबै नागरिकको कर्तव्य हो ।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ ।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५११३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस